# त्रिभुवन विश्वविद्यालय
## केन्द्रीय कार्यालय, कीर्तिपुर

## प्रेस विज्ञप्ति

**आदरणीय पत्रकार बन्धुहरू,**

सर्वप्रथम यहाँहरू सबैलाई हाम्रो अनुरोध स्वीकार गरी यस पत्रकार भेटघाट कार्यक्रममा पाल्नु भएकोमा त्रिभुवन विश्वविद्यालयका तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ हरूले विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह तत्काल प्राज्ञिक विस्थापन प्रारम्भ गर्ने र क्रमशः भौतिक विस्थापन गर्दै आगामी १० वर्षभित्रमा यस तहको शिक्षालाई माध्यामिक शिक्षासँग पूर्णतया एकिकृत गर्नुपर्दछ भन्ने स्पष्ट राय दिएको र शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले कक्षा १२ लाई माध्यामिक तहको अन्तिम परीक्षाको रूपमा लिने र ३ वर्षे अन्तरिम योजना (२०६४-२०६७) ले कक्षा ९ देखि १२ सम्मलाई माध्यामिक शिक्षा र स्नातक तह र सो भन्दा माथिको शिक्षालाई विश्वविद्यालय शिक्षा तोकेको आधारमा त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तह हटाउने व्यवस्था गर्न शैक्षिक शत्र २०६५/२०६६ को भर्ना समयमानै शिक्षा मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद र विभिन्न विद्यार्थी संगठनहरू बीच २०६६/०६७ को शैक्षिक शत्रदेखि लागू हुने गरी कार्यान्वयन गर्न समझदारी भएको थियो । त्यसै आधारमा शिक्षा मन्त्रालयले मिति २०६४।४।३ मा उच्च माध्यमिक शिक्षा परिषद्लाई प्रभावकारी रूपमा कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशनसमेत दिएको थियो । यसलाई आधार मानी शैक्षिक शत्र २०६५/२०६६ को भर्नासम्बन्धी मिति २०६५।४।५ को सार्वजनिक सूचनामा पनि त्रिभुवन विश्वविद्यालयले स्पष्ट रूपमा आगामी वर्षका लागि ११ र १२ कक्षामा सर्वसुलभ तरिकाले विद्यार्थीहरूले पढ्न पाउने व्यवस्थाका लागि शिक्षा मन्त्रालयले सम्बन्धित निकायलाई निर्देशनसमेत दिइसकेकोले त्यस वर्षका लागि प्रमाणपत्र तहमा भर्ना खोलेको कुरा उल्लेख गरेको थियो । यिनै पृष्ठभूमिका आधारमा त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्को मिति २०६६।३।२१ गतेको बैठकले विश्वविद्यालयले चालु शैक्षिक वर्ष २०६६/०६७ देखि प्रवीणता प्रमाणपत्र तहमा भर्ना नलिने निर्णय गरेको र त्यस आधारमा त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तहमा भर्ना नलिने जानकारी शिक्षा मन्त्रालय र सम्बन्धित पक्षलाई पनि दिइएको कुरा उल्लेख गर्न चाहान्छौं ।

**यसको औचित्य**

१) उच्च माध्यमिक शिक्षा ऐन २०४६ मा कक्षा ११ र १२ को व्यवस्था गरी प्रमाणपत्र तहलाई क्रमशः हटाउने प्रावधान

२) विभिन्न समयमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगहरूले विश्वविद्यालय शिक्षा स्नातक तह र सो भन्दा माथिलाई मानेको

३) विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-२०१५ ले तय गरेको एकीकृत विद्यालयीय संरचना

४) विश्वव्यापी मान्यता अनुरूप विश्वविद्यालयमा प्रमाणपत्र तह नभएको र उक्त तह कक्षा ११ र १२ का रूपमा विद्यालयीय संरचनाअन्तर्गत हुनुपर्ने

५) नेपाल सरकारको नीति र कार्यक्रममा पनि प्रमाणपत्र तहलाई विद्यालयीय कार्यक्रममा समायोजन गर्ने नीति रहेको

६) विश्वविद्यालयको कार्यक्रमअन्तर्गत नरहने कारणले गर्दा प्रमाणपत्र तहको ३ दशक अगाडि तयार भएको पाठ्यक्रम समयसापेक्ष परिमार्जन नभएको

७) स्नातक तह र सोभन्दा माथिल्ला तहको पाठ्यक्रम परिमार्जन भइसकेको कारण प्रमाणपत्र तहको पाठ्यक्रम माथिल्लो तहसँग तालमेल हुन नसक्ने

८) वि.सं. २०४६ सालदेखि नै त्रि.वि. ले प्रमाणपत्र तहको सम्बन्धन तथा थप कार्यक्रम स्वीकृति रोक्का गर्दै आएको

९) उच्च माध्यमिक शिक्षा परिषद्बाट विभिन्न क्षेत्रका २३९४ उच्च माध्यमिक विद्यालय स्वीकृति र संचालनमा रहेका। त्यसमध्ये १२१३ वटा सामुदायिक उ.मा.वि. रहेको

१०) सामुदायिक उ.मा.वि.मा २ शिक्षक, त्यसमध्ये कर्णाली अंचलमा ४ जना शिक्षक अनुदान दिने नीतिअनुरूप २६६२ शिक्षक अनुदान उपलब्ध भएको

११) विज्ञान विषय लिएर उ.मा.वि. तहमा २०.०९७ विद्यार्थी अध्ययनरत र अन्य विषयमा करिब ३,२९००० अध्ययनरत रहेका तर त्रि.वि. मा प्रमाणपत्र तहमा गत साल जम्मा २४००० विद्यार्थी भर्ना भएकोमा विज्ञान विषयमा २३८० मात्र भर्ना भएको

१२) नेपाल सरकारले यसै शैक्षिक सत्रदेखि ७५ वटै जिल्लाका सदरमुकाममा कम्तिमा एक विज्ञान विषय समेतको उच्च मा.वि. हुने गरी उच्च मा.वि. खोल्ने नीति राखेको

१३) सामुदायिक उ.मा.वि. मा २०% विद्यार्थीहरूका लागि निःशुल्क अध्ययन व्यवस्थाका लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट गृहकार्य भइरहेको

१४) सामुदायिक विद्यालयअन्तर्गत महिला, दलित, जनजाति, मधेशी, अपाङ्ग, दुर्गम र कर्णाली अंचललगायतका छात्रवृत्तिको व्यवस्थाका लागि गृहकार्य भइरहेको

१५) प्रवीणता प्रमाणपत्र तहमा पठनपाठन हुने तर उ.मा.वि. तहमा नभएका विषयहरूको पाठ्यक्रम तर्जुमा गर्न आवश्यक पहल भइसकेको

१६) प्रवीणता प्रमाणपत्र तहलाई विद्यालयीय शिक्षामा स्थापित गर्न गठित कार्य समूहको अध्ययन प्रतिवेदन-२०६६ ले सुझावहरू सहित यसै वर्षदेखि प्रमाणपत्र तहलाई विश्वविद्यालयबाट हटाउन सकिने राय दिएको

१७) प्राविधिक शिक्षा, चिकित्साशास्त्र र इन्जिनीयरिङजस्ता विषयहरूका लागि हालसम्म उच्च माध्यमिक शिक्षामा संचालनको तयारी नभएका कारण उक्त विषयहरू हाल त्रि.वि. मा नै संचालन गर्ने समझदारी भएको।

उपरोक्त आधारहरूमा त्रि.वि. प्राज्ञिक परिषद्ले गरेको निर्णयलाई समाजका विभिन्न तप्काहरूका साथै संचार माध्यमले समेत निर्णयको सकारात्मक पक्षहरूलाई उजागर गर्दै समयसापेक्ष र प्रभावकारी भएको व्यहोरा सूचना दिई चर्चा गरिएको यहाँ युक्तिसंगत देखिएको छ। त्रि.वि. ले संचार माध्यमहरूले त्रि.वि. को निर्णयप्रति वास्तविक तथ्य सम्बद्ध सबैलाई सूसूचीत गर्न खेलेको भूमिकति हार्दिक कृतज्ञता ज्ञापन गर्न समेत चाहान्छ र भविष्यमा पनि त्यस्तै किसिमको शुभेच्छा र सहयोगको अपेक्षासमेत गर्दछ।

उपरोक्त औचित्यहरूका आधारमा विद्यालय तहको शिक्षालाई यसै वर्षदेखि लागू हुने गरी विश्वविद्यालयमा पठनपाठन नगर्ने गरी त्रि.वि. ले निर्णय गरेको थियो । तर उक्त निर्णय यस वर्ष कार्यान्वयन नगर्न विभिन्न विद्यार्थी संगठनहरूले दवाव र विरोधका कार्यक्रम संचालन गरेपछि शिक्षा मन्त्रालयले एक उच्चस्तरीय कार्य समूह गठन गरी अध्ययन प्रतिवेदन तयार गऱ्यो । उक्त प्रतिवेदनमा त्रि.वि. को निर्णय कार्यान्वयन हुन सक्ने पर्याप्त आधार र सुझावहरू समेत प्रस्तुत भएको पाइन्छ । तर पनि मिति २०६६ श्रावण २८ गते शिक्षा मन्त्रालयद्वारा गठित वार्ताटोली र विभिन्न विद्यार्थी संगठनहरू बीच भएको छलफलमा शिक्षा मन्त्रालय र सम्बद्ध निकाय उ.मा.वि. परिषद् समेतबाट विद्यार्थीहरूलाई यसै वर्षदेखि Phase In गर्ने उपयुक्त विकल्प र वातावरणको निश्चितता गर्न नसकेकै कारण चालु शैक्षिक सत्रका लागि प्रवीणता प्रमाणपत्र तहको भर्ना खोल्न शिक्षा मन्त्रालयले विद्यार्थीहरूसँग सहमति गरेको र मिति २०६६।४।३० गते मन्त्रीस्तरीय निर्णय गरी कार्यान्वयनका लागि २०६६।४।३२ गते शिक्षा मन्त्रालयको अनुरोध त्रिभुवन विश्वविद्यालयलाई प्राप्त भएअनुसार यस शैक्षिक वर्ष (२०६६/०६७) पछि प्रमाणपत्र तहमा भर्ना नखोल्न त्रि.वि. प्राज्ञिक परिषद् स्थायी समितिको २०६६।५।३ को निर्णयानुसार एक पटकका लागि मात्र भर्ना खोल्न लागिएको व्यहोरा तपाइँहरू मार्फत सम्बन्धित सबै पक्षलाई जानकारी गराउन चाहान्छौं ।

साथै विगत लामो समयदेखि कायम रहेको त्रि.वि. अन्तर्गतको शिक्षण शुल्क परिमार्जन गर्ने सन्दर्भमा गठित कार्यदलको सुझावअनुसार विभिन्न विद्यार्थी संगठनका प्रतिनिधिहरूसँग छलफल सुरु गरिएको छ । सम्बद्ध पक्षको समेत सहमतिका आधारमा तत्काल शिक्षण र अन्य शुल्क परिमार्जन गरी लागू गर्ने कुरा पनि जानकारी गराउन चाहान्छौं ।

अन्त्यमा, त्रिभुवन विश्वविद्यालयको स्वायत्तता र मर्यादा प्रति हामी सचेत छौं । यसका विपरित हुने कुनैपनि प्रकारको निर्णय वा अनुरोध मान्न बाध्य नहुने कुरा पनि जानकारी गराउन चाहान्छौं । विद्यार्थीहरू त्रि.वि.को मर्यादा र उन्नयनप्रति सजग भई उच्च शिक्षाप्रति संवेदनशील हुँदै गएकोमा खुसी व्यक्त गर्दै यसको सुधारका पक्षमा अझ जिम्मेवार बन्न अनुरोध गर्दछौ । समय समयमा त्रि.वि. पदाधिकारीमाथि हुने गरेको एवं विद्यार्थी आन्दोलनको क्रममा उपकुलपतिमाथि भएको अभद्र अमानवीय एवं अराजक व्यवहारप्रति खेद प्रकट गर्दै त्रिभुवन विश्वविद्यालय मुलककै जेठो र ठूलो उच्च शैक्षिक संस्था भएकोले यसको स्वायत्तता र गरीमालाई उच्चरुपले कायम राख्न प्राज्ञिक शैक्षिक मर्यादा विपरित कुनै पनि प्रकारको अराजक गतिविधि संचालन नगर्न, नगराउन एवं परीक्षाको स्तरीयता तथा मर्यादा कायम राख्न सम्बद्ध सबै पक्षलाई आव्हान गर्दछौं । त्रि.वि. को प्राज्ञिक, शैक्षिक उन्नयन, गुणस्तर सुधार एवं भौतिक पूर्वाधार विकासका लागि सहयोग गर्ने सम्पूर्णप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि संचालन भएका र नयाँ कार्यक्रमहरूलाई पूर्णरूपले सहयोग गर्न नेपाल सरकार, राजनैतिक दलहरू, बुद्धिजीवी, संघ-संस्था, कर्मचारी, शिक्षक, विद्यार्थी एवं सम्पूर्ण सम्बद्ध पक्षहरूसँग हार्दिक अपिल गर्दछौं ।

धन्यवाद !

२०६६ भाद्र १० गते ।

**त्रि.वि. केन्द्रीय कार्यालय**
**कीर्तिपुर ।**